०८१/१०/०८
२८०८
दर्ता गर्नेको हस्ताक्षर:

kavrepalanchowk@dolma.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय काभ्रेपलान्चोक,धुलिखेल

मिति-२०८१/१०/०६

## छुट जग्गा माग निवेदनकर्ताको हितमा जारी सूचना

नेपाल सरकारले मालपोत नियमावली २०३६ को नियम ७क को उपनियम (१) को प्रयोजनका लागि जग्गा नापजाँच ऐन २०१९ बमोजिम नाप नक्सा भएको तर दर्ता गर्न सम्म छुट भएका जग्गा दर्ता गर्न चाहने सम्वन्धित जग्गावालाले मालपोत कार्यालयमा निवेदन दिने म्याद नेपाल राजपत्रमा सूचना प्रकशीत भएको मिति २०८० माघ ११ बाट २ वर्ष भएको व्यहोरा सबैमा जानकारी नै छ ।

उपरोक्त कानुनी प्रावधान र सूचनाको म्याद भित्र परेका निवेदन माथी प्रचलीत कानुनको प्रक्रिया पुरा गरेर हरेक माग कर्ताको संविधान प्रदत्त सम्पत्ती माथीको संवैधानिक हक स्थापीत र सुनिश्चित गर्ने कुरामा यस कार्यालय सचेत र सक्षम छ ।नेपाल सरकारले निवेदन दिन म्याद तोकेको दिन देखि२०८१ पौष मसान्तसम्म यस कार्यालयमा ७७४ निवेदन दर्ता भएको दर्ता निवेदन मध्ये सूचना प्रकाशन योग्य ६३७ निवेदनको सूचना प्रकाशन गरी १४५ निवेदन माथीको कार्वाही टुङ्गाएर दर्ता गरी सकीएको छ । साथै नापी कार्यालयबाट प्राविधिक प्रतिवेदन प्राप्त निवेदन माथीको कार्वाही अन्तिम चरणमा छ भने करिव १०० निवेदन प्राविधिक प्रतिवेदन लिने चरणमा छन। समितिले वर्षाको समयमा सुगम र शहरी क्षेत्रलाई प्राथमिकता दिई कार्य अगाडी बढाएकोमा हिउदँ लागे संगै दुर्गम र ग्रामिण क्षेत्रलाई प्राथमिकता दिएर कार्य अगाडी बढाईरहेको छ ।

अत: तोकीएको समय अगावैं परेका निवेदन माथीको कार्वाही टुङ्गाउन कार्यालय कार्ययोजना बनाएर अगाडी बढेको हुँदा माग निवेदनकर्ताहरु कोही कसैको भनाईमा नपरी आफै-आफ्नो निवदन माथीको कार्वाही कहाँ पुगेको छ भन्ने जानकारीको लागी यस कार्यालयकव मुद्दा शाखामा निरन्तर सम्पर्कमा रहन , थप प्रमाण जुटाउनु पर्ने अवस्थामा आफै सक्रियाता पुर्वक लागि कुनै मध्यस्थकर्ताको प्रयोग नगर्न कार्यालय हार्दिक अनुरोध गर्दछ। साथै कुनै गुनासो भए नापी कार्यालय प्रमुखको मो.नं.९८५११५६२८७ र मालपोत कार्यालय प्रमुखको मो.नं.९८५११५०६३४ मा सम्पर्क राख सम्वन्धीत सबैमा जानकारी गराइन्छ ।

**बोधार्थ**

सबै स्थानिय तहहरु :- सम्वन्धित सबैमा संप्रेषण गर्न हुन ।

जितेन्द्र श्रेष्ठ
सदस्य सचिव
छुट जग्गा दर्ता समिती

मालपोत अधिकृत

Scanned with CamScanner